आज मिति २०७४ श्रावण १५ गते आईतवारका दिन यस लामिडाँडा गाउँपालिकाका अध्यक्ष श्रीमान् लिलानाथ निरौला ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो

प्रस्तावहरु

१ नमुना कानुनहरुको स्वीकृत सम्बन्धमा ।

२. कार्यपालिकाका समितिहरुको गठन सम्बन्धमा ।

३.योजना तथा वजेट तर्जुमासंग सम्बन्धित समितिको गठन सम्बनधमा ।

४. वजेट तथा योजना तर्जूमाको समय सिमा निर्धारण सम्बन्धमा ।

निर्णयहरु

निर्णय-१ प्रस्ताव नं.१ माथि व्यापक छलफल हुँदा बैठकमा पेश गरिएका लामिडाँडा गाउँपालिका : गाउँ कार्यपालिकाको (कार्य विभाजन नियमावली- २०७४ गाउँ कार्यपालिका (कार्यसम्पादल(नियमावली २०७४ स्थानिय तहको आर्थिक ऐन २०७४ स्थानिय तहको विनयोजन ऐन २०७४ सर्वसहमतिवाट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय-२ कार्यपालिकाका समितिहरुको गठन सम्बन्धमा छलफल गर्दा तपसिलका समितिहरु तपसिलका संयोजकत्वमा सर्वसहमतिवाट तपसिलका सदस्यहरु रहने गरि समिति निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

**(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

संयोजक : श्री लक्ष्मीदेवी पाण्डे

सदस्य : श्री गाणेश ब. थापा मगर

सदस्य : श्री निर्मला वि.क .

**(ख) समाजिक विकास समिति**

संयोजक : श्री कालिदास पोखरेल

सदस्य : श्री ज्ञान ब. पाण्डे

सदस्य : विदुर कुमार खतिवडा

**(ग) पूर्वाधार विकास समिसित**

संयोजक : श्री यज्ञनारायण श्रेष्ठ

सदस्य : श्री बलमाया राई

सदस्य :  श्री गणेश ब. थापा मगर

**(घ) विधेयकसमिति**

संयोजक : श्री धर्म परियार

सदस्य : श्री विदुर खतिवडा

सदस्य : श्री रिजन भुजेल

**(ङ) आर्थिक विकास समिति**

संयोजक : श्री लिलानारायण श्रेष्ठ

सदस्य श्री निर्मला वि.क.

सदस्य : रिजन भुजेल

**(च) वातावरण तथा विपद व्यवस्थापन समिति**

संयोजक : श्री पुण्य कुमारी मगर

सदस्य श्री ज्ञान ब. पाण्डे

सदस्य : श्री बलमाया राई

निर्णय-३ प्रस्ताव नं.३ योजना तथा वजेट तर्जुमासँग सम्बन्धित समितिको गठन सम्बन्भमा छलफल गर्दा तपसिलिलका सदस्यहरुरहने गरी गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा राश्व परामर्श समिति ,गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा तपसिलका सदस्यहरु रहने गरी श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति र गा.पा उपाध्क्षको संयोजक्वमा तपसिल बमोजिमका सदस्यहरु रहने गरी वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने भनी सर्वसहमतिवाट निर्णय गरियो ।

तपसिल

१ राजश्व परामर्श समिति

संयोजक  गा.पा उपाध्यक्ष श्री समला राई

सदस्य कार्यकारी  अधिकृत श्री प्रज्वल घिमिरे

सदस्य महिला सदस्य श्री तुलसादेवी घिमिरे ।

सदस्य  सदस्य  श्री बिदुर कुमार खतिवडा

सदस्य   चेमरअफ कर्मर्श  श्री .......................................

सदस्य उघोग वाणिज्य संघ  श्री .........................................

स.सचिव राजश्व शाखा प्रमुख  श्री चन्द प्र. आचार्य

**२ श्रोत अनुमान वजेट सीमा निर्धारण समिति ्**

संयोजक कार्यपालिका अध्यक्ष   श्री लिलानाथ निरौला

सदस्य कार्यपालिका उपाध्यक्ष  श्री समला राई

सदस्य  कार्यकारी अधिकृत   श्री प्रज्वल घिमिरे ।

सदस्य कार्यपालिका  सदस्य  श्री गणेश ब. थापा मगर

सदस्य अल्पसंख्यक सदस्य   श्री रिजन भुजेल

सदस्य महिला सदस्य          श्री बलमाया राई

स.सचिव : योजना शाखा  प्रमुख श्री नर ब. श्रेष्ठ

**३. वजेट तथा कार्यक्रम तर्जुमा समिति**

संयोजक  कार्यपालिका उपाध्यक्ष श्री समला राई

सदस्य सार्वजनिक सेवा तथा क्षमता विकास समिति श्री लक्ष्मी देवी पाण्डे ।

सदस्य सामाजिक विकास समिति श्री कालिदास पोखरेल

सदस्य पूर्वाधार विकास समिति श्री यज्ञनारायण श्रेष्ठ

सदस्य विधेयक समिति  श्री धर्म ब. परियार ्

सदस्य आर्थिक विकास समिति श्री लिलानारायण श्रेष्ठ

सदस्य वातावरण तथा विपद व्य. समिति श्री पुण्य कुमारी मगर

स.सचिव कार्यकारी अधिकृत श्री प्रज्वल घिमिरे

निर्णय -४ पस्ताव नं ४ वजेट तथा योजना तर्जुमाको समयसीमा निर्धारण गर्ने सम्बन्भमा छलफल गर्दा योजना तर्जुमाको समय तालिका तपसिल बमोजिम रहने भनी सर्वसहमतिवाट निर्णय गरियो ।

तपसिल

| क.स. | कार्यविवरण | समय सिमा |
|---|---|---|
| १ | श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | २०७४।०४।१९ |
| २ | बस्ती/टोल स्तरवाट योजना छनोट | २०७४।०४।२३ |
| ३ | वडा स्तरीय योजना प्राथमिकिकरण | २०७४।०४।२५ |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा | २०७४।०४।२९ |
| ५ | स्वीकृति वजेट तथा कार्यक्रम गाउँ सभामा पेश गर्ने | २०७४।०४।३१ |
| ६ | गाउँ सभावाट वजेट तथा कार्यक्रम स्वीकृति | २०७४।०४।३२ |

आज मिति २०७४ आषाढ २६ गते सोमबारका दिन यस लामिडाँडा गाउँ कार्यपालिकाको वैठक यस कार्यपालिका अध्यक्ष श्रीमान् लिलानाथ निरौंला ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा वसि तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**प्रस्तावहरु**

१. गाउँपालिकाको नाम केन्द्र परिवर्तन गर्ने सम्बन्धमा ।

२.सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

३. वडा कार्यालय व्यवस्थापन सम्बन्धमा ।

४.विकास निर्माणका कार्याक्रमहरुको अनुगमन तथा निरीक्षण गर्ने सम्बन्धमा ।

५. सामुदायिक विद्यालयहरुको अनुगमन/अन्तरकृया सम्बन्धमा ।

६. वडा कार्यालयका सचिवहरुको नियमितता सम्बन्धमा ।

७. महिला हिंसा र वाल श्रम शोषण सम्बन्धि अनुगमन गर्ने सम्बन्धमा ।

८. वडाको खर्च नभएको वजेट सम्बन्धमा ।

९. स्थानिय तहको ऐन,नियमावली र निर्देशिका सम्बन्धमा ।

१०. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णयहरु**

नि. नं. १ . प्रस्ताव न १ माथि छलफल गर्दा यस भेगका सबै राजनैतिक दल र जनताहरुको भावनाको कदर गर्दै यस लामिडाँडा गा.पा को  नाम संशोधन गरी रावा वेसी गाउँपालिका बनाउन र केन्द्र हरमटार हालको वडा १ कुभिण्डे बनाउने भनी सर्व  सहमतिबाट निर्णय गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने भनी सर्व सहमतिवाट निर्णय गरियो ।

नि.नं. २

प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका वडाहरुवाट सा.सु भत्ता प्राप्त गर्ने लाभ ग्राहीहरुलाई भत्ता वितरण गर्दा वडा सचिवले अध्यक्ष,उपाध्यक्ष र वडा अध्यक्षको उपस्थितिमा सम्वन्धित लाभग्राहीको घरमा पुगेर निजकै हातमा उपलब्ध गराउन निर्देशन दिने भनी सर्व सहमतिवाट निर्णय गरियो ।

निर्णय ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा वडा कार्यालय व्यवस्थापनको लागी तपसिलका सामाग्रीहरु खरिद गर्न गाउँपालिकाको कार्याललयवाट प्रत्येक वडा कार्यालयलाई नगद रकम रु ४,००,००० - अक्षरुपी रु चार लाख मात्र) का दरले उपलब्ध गराउने भनी सर्वसहमतीवाट निर्णय गरियो ।

तपशिल

१ सोलार व्याकप सिस्टम

२ ल्यापटप

३.प्रिन्टर(फोटोकपि,स्क्यानर सहित)

४.इन्टरनेट डिभाइस

५.अफिस कुर्सि (रिभल्भीङ चेयर)

६. अफिस साधारण कुर्सी

७. अफिस दराज

८.अफिस साधारण कुर्सी

९. फिल्टर

१० लङ चेयर

११. कार्पेट,पर्दा,टेवुलपोस लगायत सामाग्री

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा श्रावण पहिलो सातादेखि यस गाउँपालिका भित्र सञ्चालित विकास निर्माणका योजनाहरुको गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,कार्यकारी अधिकृत,प्राविधिक र सम्बन्धित वडा अध्यक्ष अनुगमन तथा  निरीक्षण गर्ने भनी सर्वसहमतिवाट निर्णय गरियो

निर्णय ५

प्रस्ताव नं ५  माथि छलफल गर्दा विद्यालहरुको वर्षै विदापछि वि.व्य.स. पदाभिकारी,शिक्षक परिवारसँग छलफल,अन्तरकृया गर्ने र सबै समुदायिक विद्यालयहरुको समय समयमा अनुगमन गर्ने भनी सर्वसहमतिवाट निर्णय गरियो ।

निर्णय ६

प्रस्तावव नं ६  छलफल माथि गर्दा सवै वडा सचिवहरु आफ्नो कार्यालयमा नियमित उपस्थित भई कार्यालयवाट नै सेवा सुविधा उपलब्ध गर्ने गराउने भनी सर्व सहमतिवाट निर्णय गरियो ।

निर्णय ७

प्रस्ताव  नं. ७ माथि छलफल गर्दा यस गाउँपालिका उपाध्यक्ष श्री समला राई ज्यूको संयोजकत्वमा प्रत्येक वडाका महिला सदस्य (२) रहने गरि एक समिति निर्माण गर्ने र उक्त समितिले महिला हिंसा तथा बालश्रम विरुद्धको वारेमा अनुगमन गर्ने र सो सम्बन्धमा आवश्यक निर्णयको लागि गाउँ कार्यपालिकाको आगामी वैठकमा पेश गर्ने भनी   सर्वसहमतिवाट निर्णय गरियो ।

निर्णय  ८

प्रस्ताव  नं. ८ माथि छलफल गर्दा गाउँपरिषदवाट विनीयोजन भएका वजेट तथा कार्यक्रम आर्थिक वर्षको अन्त्य सम्ममा खर्च गरि सक्ने र पेश्की वजेट दिने कार्य बन्द गर्ने भनी सर्व सहमतिवाट निर्णय गरियो ।

प्स्ताव नं. ९ माथि छलफल गर्दा लामिडाँडा गाउँपालिकाका पदाधिकारीको लागि आचारसंहिता २०७४ लामिडाँडा गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली २०७४ (स्थानिय तहको) लामिडाँडा गाउँपालिकाको आर्थिक ऐन २०७४ लामिडाँडा गाउँपालिकाको विनियोजन ऐन २०७४ लामिडाँडा गाउँपालिकाको (कार्य सम्पादन)नियमावली २०७४ अध्ययनको लागि आजको बैठकमा पेश गरियो साथै लामिडाँडा गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको (कार्यविधि) नियमावली २०७४ र गाउँकार्यपालिकाको वैठक संचालन सम्बन्धि कार्यविधि २०७४ आजकै बैठकवाट स्विकृत गर्ने भनी सर्वसहमतिवाट निर्णय गरियो ।

प्रस्ताव १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस लामिडाँडा गा.पा का. सवै वडाहरुमा रहेका अपाङ्ग व्यत्तिहरुको सहजताको लागि प्रत्येक वडामा विशेषज्ञ डाक्टर झिकाउने र निजलाई गाउँमा नै परिचय पत्र उपलब्ध गराउने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने भनी सर्व सहमतिवाट निर्णय गरियो ।